# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके

Google Plus Code

5MRQ+7C6 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल


प.सं.:२०८१/०८२(कृषि विकास शाखा)

च.नं.:

तरकारी खेति उत्पादन कार्यक्रमका लागि प्रस्ताव आब्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०८/१३

यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व.२०८१/८२ मा संघीय सशर्त अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम संख्या ६६४ अनुसार व्यवसायिक तरकारी खेति उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यहि मिति २०८१/०८/२७ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुल्ने दिन) यस कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखामा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखाबाट प्राप्त गर्न सकिने छ ।थप जानकारीको लागि नगर कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा ९८५७८३२०८३ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल :-

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु र अनुदानको सीमा | न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम । | •उन्नत बीउ, कृषि औजार एवं उपकरण, सिलपाउलीन प्लाष्टिक सहयोग हुनेछ ।<br>•अनुदान प्रति हेक्टर (३० कट्ठा) जमीनको लागि रु.५०,०००/-(पचास हजार) हुनेछ। | •ब्यबसायिक कृषक / कृषक समुह/फार्म/कृषि सहकारी मार्फत कार्यक्रम संचालन हुनेछ ।<br>• प्रस्तावकले कम्तीमा १ हेक्टर जमीन अर्थात डेढ विगाह (३० कट्ठा) मा तरकारी खेती गर्नुपर्ने छ । |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>** :

१. प्रस्तावकको निवेदन, अनुसूची-२ बमोजिमको ढाँचामा ।

२. दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/ सहकारी )।

३.स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८०/२०८१ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

६.जग्गाको लालपुर्जाको प्रतिलिपि वा ऐलानी प्रति जग्गा भएमा क्षेत्रफल खुलाईएको वडा कार्यालयको सिफारिस पत्र ।

७. समुह वा सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

.............................

(मान बहादुर गिरी)

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -२

(परिच्छेद-२ को दफा ७ (२) सँग सम्बन्धित)

अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन।

श्रीमान् ..........................

................कार्यालय,

................ स्थानीय तह/प्रदेश।

महोदय,

तहाँ कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ..........................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

<u>तपसिलः</u>

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तह/ प्रदेशः

वडा नं

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

<u>निवदेक</u>

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप